# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्याः- ४५५** **मितिः २०६४/४/२२**

**नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पुर्ण कार्यलयहरु ।**

**विषयः- नगद परिवर्त्य विदेशी मुद्राको खरिदको कमिशन सम्बन्धमा ।**

महाशय,

यस विभागको इ.प्रा. परिपत्रसंख्या ४३३ र ४३४ मिति २०६३।१२।११ को परिपत्रानुसार बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकमा बिक्री गर्न ल्याउने नगद परिवर्त्य विदेशी मुद्रा खरीदमा २.० प्रतिशत सेवा शुल्क कमिशनको रुपमा कट्टा गरी बाँकी ९८.० प्रतिशतले हुने आउने रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुको अमेरिकी डलर खातामा जम्मा गरिने व्यवस्था रहेकोमा अबउप्रान्त नगद परिवर्त्य बिदेशी मुद्रा खरीदमा १.० प्रतिशत सेवा शुल्क कमिशनको रुपमा कट्टा गरी बाँकी ९९.० प्रतिशतले हुने रकम सम्बन्धित बैंक तथा बित्तीय संस्थाहरुको अमेरिकी डलर खातामा जम्मा गर्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

यस सम्बन्धी अन्य व्यवस्थाहरु इ.प्रा. परिपत्रसंख्या ४३३ र ४३४ मिति २०६३।१२।११ को परिपत्र बमोजिम नै यथावत राखिएको छ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

बोधार्थः
१. गभर्नरको कार्यालय
२. डेपुटी गभर्नरको कार्यालय
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.नी.तथा.वि. महाशाखा
४. बैंक तथा वित्तीय संस्था नियमन विभाग
५. बैंक सुपरिवेक्षण विभाग
६. वित्तीय संस्था सुपरिवेक्षण विभाग
७. आन्तरिक लेखा परिक्षण विभाग
८. सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. नेपाल बैकर्स संघ
१०. नेपाल बिकास बैंक संघ